जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.वि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक २११ २०७७ साल चैत १० गते मंगलबार (23 Mar. 2021 Tuesday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मासिक बीस हजार रुपैयाँभन्दा बढीमा घर बहालमा दिँदा घर बहालमा लिने दिने व्यक्तिले लिखित सम्झौता गर्नु पर्ने,
- काम लगाउने व्यक्तिले काम गर्ने व्यक्तिलाई कामको अनुपातमा ज्याला दिनु पर्ने,
- पचास हजार रुपैयाँ भन्दा वढी रकम लेनदेन गरी घरसारमा तयार भएको लिखत स्थानीय तहबाट प्रमाणित गराउनु पर्ने,
- धर्मपुत्र धर्मपुत्री राख्दा जिल्ला अदालतबाट प्रमाणीकरण गराउनु पर्ने,
- सार्वजनिक पदाधिकारीले पदीय हैसियतमा नाम र दर्जा खुलाई कुनै लिखतमा हस्ताक्षर गर्नु पर्नेमा सो नगरे पाँचसय रुपैयाँसम्म जरिवाना हुन सक्ने।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : पहिलो चरणमा प्रदेश नं. १ ... ३ पृष्ठमा : रक्सौल-काठमाडौं रेलमार्ग.. ३ पृष्ठमा : सोयुज यानद्वारा ३८ ...

# सबै कम्युनिष्ट शक्तिहरुसँग नयाँ ढंगको एकता गरेर अघि बढ्न तयार छौं : पूर्वमन्त्री पोखरेल



**दैनिक समाचारदाता राजविराज, ९ चैत।**

नेकपा माओवादी केन्द्रका स्थायी समिति सदस्य तथा पूर्व शिक्षामन्त्री गिरिराजमणि पोखरेलले नेकपा एमालेको माधव नेपाल र झलनाथ खनाल समुह लगायत सबै कम्युनिष्ट शक्तिहरुसँग नयाँ ढंगको एकता गरेर अघि बढ्न आफ्नो पार्टी तयार रहेको बताएका छन्।

सप्तरीको सुरुङ्गा नगरपालिका १ शिशुवारीमा सोमबार जनयुद्धका क्रममा सहिद भएका बेद प्रसाद भट्टराई (बादल) को शालिक अनावरण गर्दै पूर्वमन्त्री पोखरेलले सो कुरा बताएका हुन्।

उनले जसपा लगायतका मधेश केन्द्रीत दलहरुले उठाएका मागहरुलाई सकारात्मक रुपमा लिएर अघि बढ्न आफ्नो पार्टी तयार रहेको जिकिर गरे। माओवादी, कांग्रेस र जसपा तीनै दल मिलेर सरकार बनाउनु अहिलेको आवश्यकता रहेकाले भन्दै उनले कांग्रेस र जसपा पनि त्यसका लागि तयार हुनुपर्नेमा जोड दिए।

सहिदहरुको बलिदानीबाट प्राप्त भएका उपलब्धीहरुलाई समाप्त पार्ने षडयन्त्रप्रति पार्टी सचेत रहेको बताउँदै पूर्वमन्त्री पोखरेलले सहिदहरुलाई सम्झिने र सहिद परिवारलाई सम्मान गर्ने संस्कृतिको विकास गर्नुपर्ने उल्लेख गरे।

कार्यक्रममा नेकपा माओवादी केन्द्रका नेता तथा पूर्वमन्त्री विश्वनाथ साहले मुलुकमा प्राप्त भएका उपलब्धीहरुलाई समाप्त पार्न देशी विदेशी शक्तिहरुबाट ठुलो चलखेल भईरहेको आरोप लगाए।

नेकपा माओवादी केन्द्र सप्तरीका अध्यक्ष उमेश कुमार यादवको अध्यक्षतामा आयोजित शालिक अनावरण कार्यक्रममा प्रदेशसभा सदस्य रुवी कर्ण, सुरुङ्गा नगरपालिका प्रमुख मुक्तिनाथ चौधरी, बलान बिहुल गाउँपालिकाका अध्यक्ष दयानन्द गोइत, नेकपा माओवादी केन्द्रका नेता असर्फी सदा, नेपाल पत्रकार महासंघ सप्तरीका पुर्वसभापति प्रकाश खतिवडा लगायतले बोलेका थिए।

सो अवसरमा जनयुद्धका क्रममा सहिद भएका र बेपता परिवारलाई दोसल्ला ओढाएर पुर्वमन्त्री पोखरेलले सम्मान समेत गरे।

# पाँच वर्षपछि दोहोरो नागरिकताका फरार प्रतिवादी पक्राउ



**दैनिक समाचारदाता राजविराज, ९ चैत।**

दोहोरो नागरिकता कसुर मुद्दाका एक फरार प्रतिवादी पाँच वर्षपछि सोमबार पक्राउ परेका छन्।

अदालतबाट कैद सजाय तोकिएपछि फरार भएका सप्तरीको बोदेबरसाईन नगरपालिका ८ बस्ने ३२ वर्षिय जिवछ ठाकुर पक्राउ परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

घरमा लुकिबसेको गोप्य सूचनाको आधारमा सोमबार दिउँसो इलाका प्रहरी कार्यालय

*बाँकी अन्तिम पृष्ठमा*

# तस्करी गरि भारततर्फ लैजादै गरेको १ हजार ४ सय बोतल मदिरा बरामद




**दैनिक समाचारदाता राजविराज, ९ चैत।**

अवैध रुपमा भारततर्फ चोरी निकासी गरि लैजादै गरेको १ हजार ४ सय बोतल मदिरा प्रहरीले बरामद गरेको छ।

सप्तरीको डाक्नेश्वरी नगरपालिका ३ स्थित तरही भन्ने स्थानमा आइतबार राती १२ बजेतिर केही तस्करले चोर बाटो हुँदै भारततर्फ लैजादै गरेको उक्त मदिरा प्रहरीले. बरामद गरेको हो।

मदिरा तस्करी गरिरहेको गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय पातोबाट खटेको प्रहरी टोलीले १६ वटा बोरामा प्याक गरि लैजादै गरेको ४८ कार्टुन गौरब र कस्तुरी नामक मदिरा बरामद गरेको हो।

भारतको बिहार राज्यमा

*बाँकी अन्तिम पृष्ठमा*



## सम्पादकीय

# फेरी कोरोनाको त्रास

छिमेकी मुलुक भारतमा कोरोनाको त्रास पुनः बढ्दै गएको बेला नेपालमा पनि सतर्कता अपनाउन आग्रह गरिएको छ । स्वास्थ्य मन्त्रालयले देशबासीसँग सँग सो आग्रह गर्दै स्वास्थ्य मापदण्ड अपनाउन अपिल समेत गरेको छ । कोरोना भाइरसको संक्रमण नेपालमा फैलिन सक्ने भन्दै नेपाल सरकारले गत वर्ष चैत महिनाको ११ गतेदेखी लकडाउन गरेको थियो । र पुनः यस वर्ष चैत महिनामै यो महामारीले नयाँ रुपका साथ देखापरेपछि स्वास्थ्य मन्त्रालयले अपिल गरेको हो ।

यता सप्तरीसँग खुल्ला सीमानाका रहेको क्षेत्रमा प्रहरी प्रशासनले निगरानी बढाएको छ । लुकेर भारतबाट संक्रमित भएका व्यक्ति आउन सक्ने सम्भावना समेत उत्तिकै रहेकोले सप्तरीमा उच्च सतर्कता अपाउनु जरुरी छ । त्यस्तै रोजागरीका लागि भारत गएकाहरुप्रति स्थानिय प्रशासन गम्भिर बन्नु आवश्यक छ ।

तसर्थ भारतबाट आउनेहरुलाई कडा निगरानी गर्नु प्रहरी प्रशासनको मात्र काम नभएर आमजनताको पनि हो । त्यस्ता व्यक्तिहरु देख्ने बित्तिकै सम्बन्धीत निकायलाई खबर गरि आफू र अरुलाई पनि महामारी फैलिनबाट जोगाउन सबैको दायित्व हो ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# पहिलो चरणमा प्रदेश नं. १ मा ५१ बिओपी स्थापना

विराटनगर, ९ चैत (रासस) ।

पछिल्लो समयमा नेपाल भारतको सीमास्थित बिओपी (बोर्डर आउट पोष्ट) स्थापना भएपछि शान्तिसुरक्षामा धेरै सहज भएको छ । खुला सिमानाका कारण अनाधिकृतरुपमा नेपाल-भारत ओहोरदोहोर गर्ने मानिसको पुरानो बानीमा पनि परिवर्तन आएको बताइएको छ ।

सशस्त्र प्रहरी बस्ने गरी स्थापना गरिएको बिओपीले गर्दा नेपालतर्फ सीमा क्षेत्रमा बसोबास गर्ने मानिस सुरक्षाको पूर्ण अनुभूति गर्न थालेका छन् । विगतमा चोरी डकैतीको मार खेपी रहेका सीमा क्षेत्रका बासिन्दा अहिले निर्भिकतासाथ आफ्नो व्यापार र व्यवसायमा लागेका छन् ।

विगतमा चौपायाको चोरी र अपराधका घटना सीमा क्षेत्रमा हुने गरेको तर, अहिले बिओपी स्थापना भएपछि यी समस्या हराएर गएको सुनसरी हरिनगर गाउँपालिकाका अध्यक्ष गफार अन्सारीले जानकारी दिनुभयो । बिओपीले गर्दा नेपाली भूभागमा विगतमा हुने गरेका अपराधका घटनामा उल्लेखनीय कमी आएको जानकारी दिँदै झापा केचन कवल गाउँपालिकाका अध्यक्ष अञ्जरा आलमले भन्नुभयो, "बिओपीले हामीलाई रक्षा गर्नुका साथै हाम्रा धनसम्पत्तिको पनि रक्षा गरेको छ ।"

पूर्वी नेपालको भारतसँग जोडिएको इलामाका सीमावर्ती क्षेत्रमा सात बिओपी स्थापना भइसकेका सशस्त्र प्रहरी बल नं १ गण हेडक्वाटर श्रीअन्तुका सशस्त्र प्रहरी उपरीक्षक सुधीरजङ्ग थापाले जानकारी दिनुभयो । उहाँले इलामको कूल सीमा ५२ दशमलव दुई किमी रहेको बताउनुभयो । उहाँले अहिले सरदर एउटा बिओपीबाट अर्को बिओपीको गस्ती गर्न सात दशमलव पाँच किमी यात्रा तय गर्नुपर्ने भए पनि सीमा क्षेत्रमा पहुँच पुगेकाले कुनै पनि अप्रिय घटना हुन नदिन सचेत एवं गम्भीर रहेको प्रतिक्रिया दिनुभयो ।

उहाँले इलामको सलकपुर र समालबुङमा बिओपी स्थापना गर्न भवन निर्माणका लागि ठेक्का लागि सकेको बताउनुभयो । कालपोखरी र छब्बिसेमा बिओपी स्थापना गर्न स्थानीयवासीको सहयोगमा जग्गाप्राप्तिका लागि प्रयास भइरहेको उहाँले जानकारी दिनुभयो । एउटा बिओपीमा अहिले सरदर २५ देखि ३५ सशस्त्र प्रहरी छन् । उहाँहरूको निगरानी र सक्रियताका कारण जनतामा आशा जागेको सशस्त्र प्रहरी उपरीक्षक थापाले बताउनुभयो ।

झापामा १४४ दशमलव दुई किमीको सिमाना क्षेत्रमा १७ बिओपी स्थापना भइसकेका सशस्त्र प्रहरी उपरीक्षक रमेशकुमार पाण्डेले जानकारी दिनुभयो । झापाको सीमा लामो भएकाले यहाँ अझ २० बिओपी आवश्यकता पर्ने बताइएको छ । सरदर एक बिओपीमा २० देखि ३५ सशस्त्र प्रहरीले सीमा क्षेत्रमा आफ्ना गतिविधि र निगरानीलाई तेज पारेको छ ।

यस्तै मोरङमा आइतबार मात्र तीन ठाउँमा बिओपी स्थापना गरिएको छ । ति बिओपीलाई प्रमुख जिल्ला अधिकारी कोषहरि निरौलाले निरीक्षण एवं अवलोकन गर्दै उद्घाटन गर्नुभयो । डाँगी, सुनवर्षीको सिकटी र धनपालको धनपतिमा बिओपी स्थापना भएपछि मोरङमा कूल ११ बिओपी पुगेका सशस्त्र प्रहरी उपरीक्षक तीर्थराज पौडेलले बताउनुभयो ।

उहाँले मोरङको मधुमल्ला र सोराभागमा पनि बिओपीको आवश्यकता देखिएको जानकारी दिनुभयो । निकट भविष्यमा आवश्यकता भएको ठाउँमा बिओपी स्थापना हुँदै जाने उपरीक्षक पौडेलले बताउनुभयो । मोरङको सिमानाको लम्बाइ ६३ दशमलव दुई किमी छ । यहाँको प्रत्येक बिओपीमा सरदर २५ देखि ३५ सशस्त्र प्रहरी खटिएका छन् ।

सुनसरीमा हालसम्ममा १० बिओपी स्थापना भइसकेका सशस्त्र प्रहरी उपरीक्षक माधवप्रसाद पौडेलले जानकारी दिनुभयो । उहाँले भोक्राहा गाउँपालिका र बर्जुतालको हर्मोनीस्थित बिओपी निर्माणाधीन अवस्थामा रहेका जनाउँदै सुनसरीमा आवश्यकताअनुसार बिओपी राज्यले स्थापना गर्दै जाने बताउनुभयो । सुनसरीको कूल सिमानाको लम्बाइ ६१ दशमलव आठ किमी छ । सरदर प्रत्येक बिओपीमा २५ देखि ३५ सशस्त्र प्रहरी बसेका छन् ।

सशस्त्र प्रहरी बल नं १ बराह बाहिनी मुख्यालय सुनसरीमा प्रदेश नं १ मा पहिलो चरणमा ५१ बिओपी स्थापना भइसकेका छन् । नेपाल भारतको सीमाक्षेत्र इलाममा सात, झापामा १७, मोरङमा ११ सुनसरीमा १० र चीनतर्फको सिमानाअन्तर्गत ताप्लेजुङमा एक, पाँचथरमा चार तथा सङ्खुवासभामा एक बिओपी स्थापना भइसकेको बताइएको छ ।

# गैंडा गणना शुरु

चितवन, ९ चैत (रासस) ।

पर्सा राष्ट्रिय निकुञ्जको प्रतापपुरबाट गैंडा गणना शुरु गरिएको छ । वन तथा वातावरणमन्त्री प्रेमबहादुर आलेले सोमबार बिहान सिटी फुकेर गैंडा गणनाको शुभारम्भ गर्नुभएको हो । चितवन राष्ट्रिय निकुञ्ज र पर्सा राष्ट्रिय निकुञ्जलाई एउटा ब्लक बनाएर सोमबारदेखि गणना शुरु गरिएको हो । सो अवसरमा राष्ट्रिय योजना आयोगका सदस्य कृष्णप्रसाद ओली, वन मन्त्रालयका सचिव डा विश्वनाथ ओली, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक दीपक खराल, वन विभागका महानिर्देशक मनबहादुर खड्का, वन मन्त्रालयका महाशाखा प्रमुख, विभिन्न दातृ निकायका प्रमुखको सहभागिता रहेको थियो । गणना शुरु भएसँगै सौराहामा औपचारिक उद्घाटन कार्यक्रम गरिँदै छ ।

चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत अणनाथ बरालका अनुसार गणनामा ४० वटा हात्ती र २०० जनशक्ति परिचालन गरिएको छ । दुई निकुञ्ज र राष्ट्रिय प्रकृति संरक्षण कोषका हात्ती गणनामा प्रयोग गरिएका छन् । कोशीमा दरबन्दी रहेर यहाँ रहेका हात्ती र मध्यवर्ती क्षेत्रमा केही निजी हात्तीलाई पनि गणनामा प्रयोग गरिने छ । बरालका अनुसार ४० मुख्य गणक र वैकल्पिक २० लाई गणनामा खटाइँदै छ । यसका अतिरिक्त हात्तीको दरबन्दीमा रहेका कर्मचारी खटिएका छन् । गणनामा खटिएकालाई यही चैत ६ र ७ गते सौराहामा तालीम दिइएको थियो । राष्ट्रिय प्रकृति संरक्षण कोष सौराहाका प्रमुख डा बाबुराम लामिछानेका अनुसार दुई निकुञ्जमा गैंडा गणना गर्न २० दिन हाराहारी लाग्ने छ ।

गैंडा गणना राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको नेतृत्वमा भएको हो । विभागका सूचना अधिकारी इकोलोजिष्ट हरिभद्र आचार्यका अनुसार गैंडा रहेका अन्य दुई निकुञ्ज बर्दियामा चैत १७ गतेदेखि र शुक्लाफाँटामा १९ गतेदेखि गणना शुरु गरिँदै छ । आचार्यका अनुसार चैत २९ गतेसम्ममा चारवटै निकुञ्जमा गैंडा गणना सकेर वैशाख पहिलो साता नतिजा सार्वजनिक गर्ने गरी तयारी गरिएको छ । गत वर्ष चैत ११ गतेदेखि गैंडा गणना गर्ने भनिए पनि कोरोना सङ्क्रमणका कारण अन्तिम तयारी भएपछि स्थगन भएको थियो । दुई वर्षअघि गैंडा गणना गर्न लागिएको भए पनि तत्कालीन समयमा दाताको भरपर्दा बजेट अभावमा गणना हुन सकेको थिएन ।

सरकारले गत वर्ष गैंडा गणनाका लागि रु एक करोड १० लाख विनियोजन गरेको थियो । आचार्यका अनुसार गत वर्ष केही सामग्री खरिद भएकाले यस वर्ष सरकारले रु ८० लाख विनियोजन गरेको छ । दाताबाट रु २५ लाख हाराहारी सहयोग हुने उहाँले जानकारी दिनुभयो । राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटिएनसी), विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपाल र जेडएसएल नेपाललगायतका सङ्घ संस्थाको सहयोगमा गैंडा गणना शुरु गरिएको हो ।

हरेक पाँच वर्षमा गैंडा गणना गर्ने गरिन्छ । यसअघि सन् २०१५ मा गैंडा गणना गरिएको थियो । निकुञ्जलाई विभिन्न ब्लक बनाएर प्राविधिकले एक-एक गरी गैंडा गन्नेछन् । गणनाका लागि हात्ती, दुरबिन, क्यामेरालगायतको प्रयोग गरिन्छ । गैंडाको सङ्ख्या, प्रजनन अवस्था, विचरण र आहाराको अवस्था थाहा पाउन हरेक पाँच-पाँच वर्षमा गैंडा गणना गरिँदै आएको थियो । गणनापछि यसको अवस्था हेरेर व्यवस्थापनको काम गरिने छ ।

निकुञ्जका सूचना अधिकारी लोकेन्द्र अधिकारीका अनुसार पछिल्लो पटक सन् २०१५ को गणनामा नेपालमा कूल ६४५ गैंडा थिए । तथ्याङ्कअनुसार चितवनमा ६०५, बर्दियामा २९, शुक्लाफाँटामा आठ र पर्सामा तीन गैंडा भेटिएका थिए । नेपालमा सन् १९५० मा ८००, १९५५ मा ४००, १९६० मा ३००, १९६५ मा १००, १९७० मा १०८, १९७५ मा १४७, १९८० मा ३१०, १९८५ मा ३१०, १९९० मा ३५८, १९९५ मा ४६६ रहेको विभागको तथ्याङ्कमा उल्लेख छ । यसैगरी सन् २००० मा ६१२, २००५ मा ४०९, २०१० मा ४३५ हुँदै पछिल्लो गणना सन् २०१५ मा ६४५ पुगेको अधिकारीले बताउनुभयो ।

राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा
राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा वित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस् ।
लोकेशन : कामना सेवा विकास बैंकको माथी
सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२

# रक्सौल-काठमाडौँ रेलमार्ग निर्माण समझदारीमा हस्ताक्षर गर्न महानिर्देशकलाई अख्तियारी

काठमाडौँ, ९ चैत (रासस) ।

सरकारले रक्सौलदेखि काठमाडौँसम्म 'ब्रोड गेज' रेलमार्गको निर्माण कार्य आगाडि बढाउन नेपाल सरकार र भारत सरकारबीच हुने समझदारीपत्रलाई स्वीकृत गरी त्यसमा हस्ताक्षर गर्न रेल विभागका महानिर्देशकलाई अख्तियारी दिने निर्णय गरेको छ । मन्त्रिपरिषद्का विभिन्न मितिमा बसेका बैठकहरूको निर्णय सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पार्वत गुरुङले बैठकले हुलाकी सडकअन्तर्गतको खण्डमा निर्माण र स्तरोन्नति अघि बढाउन रूख कटानको स्वीकृति दिएको बताउनुभयो ।

हुलाकी सडक निर्देशनालयलाई धनगढी-भजनी-सती खण्डमा निर्माणका लागि कैलाली जिल्लामा सुइटी/वसन्तीलगायत चार सामुदायिक वनमा परेका रूख काट्न दिइएको हो । यसमा साल, अस्नालगायतका प्रजातिका एक सय रूख डिभिजन वन कार्यालय धनगढी कैलालीमार्फत हटाउन स्वीकृति दिइएको हो । नेपाल नागरिक उड्डयन प्राधिकरणलाई पोखरा क्षेत्रीय अन्तरराष्ट्रिय विमानस्थलको रनवे स्ट्रिपको पूर्वपट्टि रहेको पोखरा महानगरपालिका-२६ स्थित रिट्टेपानी डाँडामा रहेका र हवाई सुरक्षार्थ अवरोध र जोखिमजन्य अवस्थामा रहेका रूख तथा पोलहरू कटान गर्न स्वीकृति दिने निर्णय गरिएको छ ।

मन्त्रिपरिषद्को बैठकले विभिन्न स्थानीय तहहरूलाई जग्गा प्राप्ति गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको मन्त्री गुरुङले बताउनुभयो । काठमाडौँको चन्द्रागिरि, गोरखाको पालुङटार, महोत्तरी बर्दिबास, सर्लाही बरहथवा नगरपालिका तथा मोरङ कानेपोखरी, म्याग्दीको रघुगङ्गा, गुल्मीको इस्मा र गुल्मीदरबार, कास्कीको मादी, नुवाकोटको लिखु र नवलपरासीको प्रतापपुर गाउँपालिकालाई जग्गा प्राप्ति गर्न स्वीकृति दिइएको बताइएको छ ।

सरकारले विसं २०७८ मा दिइने सार्वजनिक, पर्व एवं सट्टा बिदा र कार्यालय समय निर्धारण गर्ने निर्णय गरेको छ । चैत १९ गते श्रीलङ्काले भर्चुअल माध्यमबाट आयोजना गर्ने १७औँ बिमस्टेक मन्त्रिस्तरीय बैठकमा भाग लिन परराष्ट्रमन्त्रीको नेतृत्वमा र २०७७ चैत १८ गते हुने बिम्स्टेक परराष्ट्र सचिवस्तरीय वरिष्ठ पदाधिकारीको विशेष बैठकमा भाग लिन परराष्ट्र सचिवको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डलको गठन गर्ने पनि निर्णय गरिएको मन्त्री गुरुङले बताउनुभयो ।

सरकारले केराउ, सुपारी, छोकडा, नधुल्याएको मरिच र सवारी साधनको आयातलाई व्यवस्थापन गर्ने सूचना राजपत्रमा प्रकाशित गर्ने निर्णय गरेको छ । चालु आवका लागि गहुँको न्यूनतम समर्थन मूल्य प्रतिक्विन्टल रु तीन हजार १११ तोक्ने निर्णय गरिएको छ ।

यसैगरी होटेल उद्योगका रूपमा दर्ता भई सञ्चालनमा रहेका उद्योगमध्ये नियमितरूपमा नवीकरण गरी कर विवरण पेश गरेका होटेल तथा रेष्टुरेन्टलाई सरकारले विद्युत् महशूलमा सहुलियत दिने निर्णय गरेको छ । कोभिड-१९ को सङ्क्रमण जोखिम न्यूनीकरण गर्न बन्दाबन्दी घोषणा गरेको २०७६ चैत ११ गतेदेखि भदौ मसान्तसम्मको उद्योगले भुक्तानी गर्नुपर्ने विद्युत्‌को डिमाण्ड शुल्कको शतप्रतिशत र २०७७ असोज १ देखि माघ मसान्तसम्म ५० प्रतिशत छुट दिने निर्णय गरेको छ ।

# अब घरमै बसेर विदेशी पुस्तक र जर्नल निःशुल्क पढ्न पाइने

काठमाडौँ, ९ चैत (रासस) ।

त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालयले अनलाइनमार्फत विद्यार्थीलाई घरमै बसेर विदेशका पुस्तक निःशुल्क पढ्ने व्यवस्था गरेको छ ।

पुस्तकालयले रिमोट एक्सेस प्रणालीको विकास गरेर घरमै बसेर पुस्तक, डकुमेन्ट, जर्नल पढ्न व्यवस्था गरेको हो । पुस्तकालयले रिमोट एक्सेस सेवासहितको प्रोक्वेस्ट डाटाबेस सफ्टवेयर जडान गरी विदेशमा रहेका पुस्तक पढ्ने व्यवस्था गरेको हो ।

बेलायतबाट उक्त सफ्टवेयर पुस्तकालयले रु ३२ लाखमा खरिद गरेको हो । पुस्तकालयले त्रिविअन्तर्गतका आङ्गीक क्याम्पस र पुस्तकालयसँग सम्झौता गरेका अन्य विश्वविद्यालयका विद्यार्थीलाई प्रोक्वेस्ट डाटाबेस सफ्टवेयरबाट निःशुल्करुपमा पुस्तक पढ्ने व्यवस्था गरिएको पुस्तकालयका प्रमुख पूर्णलाल श्रेष्ठले जानकारी दिनुभयो ।

विदेशी विश्वविख्यात विद्वानले प्रकाशित गरेका पुस्तक, जर्नल, लेखरचनालगायत निःशुल्क पढ्नका लागि विद्यार्थीले पुस्तकालयको वेबसाइट www.tucl.org.np मा उपलब्ध फाराम भर्नुपर्ने हुन्छ । सोही फाराम भरेका आधारमा विद्यार्थीको इमेल आइडी उपलब्ध गराई पुस्तकालयले विदेशी पुस्तक, डकुमेन्ट, जर्नललगायत पढ्न पाउने व्यवस्था गरेको उहाँले जानकारी दिनुभयो ।

गत मङ्सिरबाट शुरु भएको रिमोट एक्सेस प्रणालीमा अहिले ३० हजार विद्यार्थीको इमेल आइडी बनाइएको छ । पुस्तकालयका सूचना अधिकारी विजय शर्माले विद्यार्थीलाई घरमै बसेर विदेशका प्रसिद्ध लेखकले लेखका सामग्री पढ्न पाउने बताउनुभयो ।

उहाँका अनुसार उक्त रिमोट एक्सेसमार्फत प्रोक्वेस्ट डाटाबेशमा राखिएका चार लाख ५० हजारभन्दा बढी ई-पुस्तक, ५० लाखभन्दा बढी ई-थेसिस डिजर्टेशनका साथै हजारौँ शीर्षकका जर्नल, पत्रिका र लेख, रचना रहेका छन् ।

उक्त सेवाका लागि नेपाल खुला विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालय, हेटौँडा कलेज अफ सोसल साइन्सेस, सगरमाथा इञ्जिनीयरिङ कलेज, बानेश्वर बहुमुखी क्याम्पस संस्थागतरुपमा पुस्तकालयले खरीद गरेको डाटाबेससँग जोडिएका छन् ।

यस्तै पुस्तकालयले पछिल्लो समय एशियन विकास बैंक र नेशनल डिजिटल लाइब्रेरी अफ इण्डियासँग ई-रिसोर्सेसको प्रयोगमा सम्झौता र सहकार्य गरेको छ । उक्त सम्झौतानुसार एशियन

***बाँकी अन्तिम पृष्ठमा***



## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोवाईल नं. ९८५२८२०९३५



## विश्व समाचार

# सोयुज यानद्वारा ३८ वटा भूउपग्रह प्रक्षेपण

मस्को, ९ चैत (रासस-एएफपी) ।

रसियाको सोयुज अन्तरिक्ष यानलाई ३८ वटा विदेशी भूउपग्रह लिएर सोमबार अन्तरिक्षतर्फ पठाइएको छ । कजाखस्तानस्थित बाइकोनुर अन्तरिक्ष केन्द्रबाट सोयुज यान सफलतापूर्वक प्रक्षेपण गरिएको रुसी अधिकारीहरुले बताएका छन् ।

विगतमा प्राविधिक कारणवश दुई पटक स्थगित गरिएको उडान सोमबार सफल भएको रुसी अन्तरिक्ष निकाय रोसकोसमोसले जनाएको छ । अन्तरिक्ष पठाइएका भूउपग्रहहरु दक्षिण कोरिया, जापान, क्यानडा, साउदी अरेबिया, जर्मनी, इटाली र ब्राजिल समेत १८ वटा मुलुकका छन् ।

अन्तरिक्षमा प्रक्षेपण गरिएका भूउपग्रहमध्ये ट्युनिसिया आफैंले विकास गरेको भूउपग्रह समेत रहेको छ । यो उपग्रह टेल्नेट दूरसञ्चार समूहले तयार पारेको हो ।

सोभियत संघको पतनपछि रसियाको अन्तरिक्ष कार्यक्रमले धेरै किसिमका समस्या झेल्नु परेको छ । खासगरी अन्तरिक्ष अभियानमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धा बढेको छ भने रुसी अन्तरिक्ष कार्यक्रममा भ्रष्टाचार चुलिएको र प्रविधिगत सुधारमा कमी भएको आरोप लाग्दै आएको छ ।

सन् २०१८ मा रसियाली र अमेरिकी नासाका अन्तरिक्ष यात्री बोकेर उडेको एउटा सोयुज यानमा प्राविधिक गडबढी देखिएपछि सबै यात्री आपतकालीन रुपमा सकुशल पृथ्वीमा अवतरण गरेका थिए ।

# ब्राजिलमा कोभिडबाट एकै दिन १ हजार २०० भन्दा बढीको मृत्यु

साओ पाओलो, ९ चैत (रासस/सिन्ह्वा) ।

ब्राजिलमा कोभिड १९ को संक्रमणबाट एकै दिनमा एक हजार २९० जनाको ज्यान गएको बताइएको छ । आइतबार यहाँका स्वास्थ्य अधिकारीहरुले दिएको समाचारअनुसार यहाँ एकै दिनमा १ हजार २९० जनाको यस संक्रमणबाट निधन भएको हो ।

योसँगै ब्राजिलमा अहिलेसम्ममा ज्यान जाने व्यक्तिको संख्या २ लाख ९४ हजार भन्दा बढी पुगेको बताइएको छ । ब्राजिलका स्वास्थ्य अधिकारीहरुले आइतबार सो कुरा बताएका छन् ।

यसैगरी आइतबार सम्ममा यहाँ यो संक्रमणबाट यहाँका १ करोड १९ लाख ९८ हजार भन्दा बढी व्यक्ति संक्रमित हुन पुगेको पनि यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीहरुले जानकारी दिएका छन् ।

ब्राजिलको स्वास्थ्य मन्त्रालयले आइतबार दिएको जानकारीमा यहाँ पछिल्लो समयमा मृत्यु हुने प्रतिशत पनि दिन प्रतिदिन बढ्दै गएको छ । यहाँ कोरोनाको नयाँ प्रजातिको भाइरसको पनि प्रकोप देखिएको ती अधिकारीले जनाएका छन् ।

ब्राजिलका स्वास्थ्य अधिकारीहरुले दिएको जानकारीअनुसार यहाँका प्रति एक लाख जनामा ५ हजार ४८२ जनामा यो संक्रमण हुने गरेको छ । त्यस्तै यहाँका प्रति एक लाख जनसंख्या संक्रमणमा कम्तीमा पनि १३३ जनाको ज्यान जाने गरेको पनि बताइएको छ ।

ब्राजिलको साओ पाओलो शहर शुरुदेखि नै यो संक्रमणको एक किसीमले केन्द्रबिन्दुको रुपमा रहेको पनि पाइएको छ । यस शहरका स्वास्थ्य संस्थाहरु भरिएका छन् भने ती संस्थाका करिब ९१ प्रतिशत जति आकस्मिक कक्षहरु पनि भरिएका पाइएको छ ।

त्यसैगरी यसअघि यहाँको मृत्यु दर पनि पहिले ६० वर्षभन्दा माथिका नागरिकको बढी रहेकोमा पछिल्लो समयमा भने यहाँ कोरोना संक्रमणबाट ६० वर्षभन्दा कम उमेरका नागरिकको मृत्युको दर बढेको पाइएको पनि बताइएको छ ।

# भारतमा कोरोना भाइरस संक्रमित र मृतकको संख्या बढ्दै

नयाँदिल्ली, ९ चैत (रासस/सिन्ह्वा) ।

भारतमा कोरोना भाइरसबाट संक्रमित हुनेको सङ्ख्यामा फेरी वृद्धि हुन थालेको छ । केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सोमबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा भारतमा करीब ४७ हजार जना संक्रमित भएका छन् ।

गत २४ घण्टामा कोरोना संक्रमितको यो सङ्ख्या यसवर्ष शुरु भएयताको नै सब भन्दा बढी हो । यस अवधीमा कोरोना संक्रमणबाट २१२ जनाको मृत्यु भएपछि यहाँ कूल मृतकको सङ्ख्या एक लाख ५९ हजार ९६७ पुगेको सोमबार सो मन्त्रालयले जनाएको छ ।

भारतमा अहिलेसम्म कूल संक्रमितको सङ्ख्या एक करोड १६ लाख ४६ हजार ८१ पुगेको मन्त्रालयले जानकारी दिएको छ । कूल संक्रमितमध्ये तीन लाख ३४ हजार ६४६ जना अहिले पनि संक्रमित अवस्थामै रहेका छन् भने कूल एक करोड ११ लाख ५१ हजार ४६८ जना संक्रमणमुक्त भएका छन् ।

भारतमा जनवरीबाट कोरोना भाइरसविरुद्धको खोप अभियान शुरु भएको थियो । सो समयदेखि हालसम्म चार करोड ५० लाख भन्दा बढीले खोप लगाइसकेका छन् ।

भारतको राष्ट्रिय राजधानी दिल्लीमा गत २४ घण्टामा ८२३ जनामा कोरोना भाइरस देखिएको र एक जनाको मृत्यु भएको हो । नयाँ दिल्लीमा कोरोना शुरु भएदेखि यता हालसम्म १० हजार ९५६ जनाको मृत्यु भईसकेको छ ।

त्यसैगरी कोरोना परीक्षण गर्ने क्रम पनि चलिरहेको भारतीय चिकित्सा अनुसन्धान परिषदले जनाएको छ । परिषद्का अनुसार आइतबारसम्म भारतमा २३ करोड ४० लाख भन्दा बढी व्यक्तिको कोरोना परीक्षण गरिएको छ । आइतबार एकै दिनमा १० लाख ६३ हजार भन्दा जनाको कोरोना परीक्षण गरिएको छ ।

# नियमावली विपरीत गरेको निर्णय बदर गर्न काँग्रेस सप्तरीको माँग

**दैनिक समाचारदाता**
**राजविराज, ९ चैत ।**

नेपाली काँग्रेस सप्तरीको सोमबार बसेको बैठकले विभिन्न निर्णय गर्दै काँग्रेस केन्द्रिय समितिले विधान र नियमावली विपरीत गरेको निर्णयप्रति घोर आपत्ति प्रकट गर्दै उक्त निर्णय बदर गर्न माग गरेको छ ।

काँग्रेस सप्तरीका कार्यालय सचिव भुपेन्द्र नारायण यादवद्वारा जारि विज्ञप्तिमा नेपाली काँग्रेस केन्द्रिय निर्वाचन समितिले स्थानिय तह पुर्नसंरचना समायोजन तथा गठन र सम्बन्धी निर्देशिका २०७६ नेपाली काँग्रेसको विधान र नियमवाली विरीत गरेको निर्णयप्रति घोर आपत्ति प्रकट गर्दै सो निर्णय बदर गर्न माँग गरिएको हो ।

यस्तै विभिन्न पार्टी परित्याग गरि नेपाली काँग्रेसमा प्रवेश गरेका सम्पूर्णलाई सिफारिस भए अनुसार क्रियाशिल सदस्यता प्रदान गर्न केन्द्रिय कार्यालयसँग माँग गर्ने निर्णय पारित गरिएको छ ।

त्यस्तै होली पर्वको अवसरमा सबै निकाय, भातृ एवं शुभेच्छुक संघ संस्थालगायत जिल्लावासीमा सुख, समृद्धिको कामना गरिएको छ ।

### पाँच वर्षपछि ...

कडरबोनाबाट खटेको प्रहरी टोलीले ठाकुरलाई पक्राउ गरेको हो ।

२०७२ साल जेठ १४ गते दोहोरो नागरिकता कसुर मुद्दामा सप्तरी जिल्ला अदालतबाट एक वर्ष कैद र २० हजार जरिवाना तोकिएपछि ठाकुर फरार भएका थिए ।

ठाकुरलाई सोमबारै अदालतमा उपस्थित गराई आदेशानुसार कैद भुक्तानका लागि राजविराज कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

### तस्करी गरि ...

प्रतिबन्धित उक्त मदिरा जफत गरि सोमबार बेल्हीस्थित राजविराज भन्सार कार्यालयमा बुझाइएको प्रहरी उपरिक्षक राजेन्द्र धमलाले बताए ।

प्रहरीलाई देखेपछि तस्करहरु भने फरार भएको र खोजिकार्य भइरहेको प्रहरीको भनाई छ ।

### अब घरमै बसेर ...

विकास बैंकसँग रहेका तीन लाख रिर्सोस पुस्तक र डिजिटल लाइब्रेरीसँग रहेका चार करोड ५० लाख ई-पुस्तकालय, जर्नल, थेसिस, अडियो, भिडियोसमेत निःशुल्क पढ्न पाउने सूचना अधिकारी शर्माले जानकारी दिनुभयो । अहिले पुस्तकालयसँग चार लाख १० हजार पुस्तक छन् ।

**छुट्टै ई-पुस्तकालय**

प्रविधिको युगसँगै पुस्तकालयले आफ्नै छुट्टै ई-पुस्तकालयको डाटाबेस बनाउने योजना पनि अगाडि बढाएको पुस्तकालयका प्रमुख श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँले स्नातकोत्तर तह, दर्शनाचार्य र विद्यावारिधि तहका शोधपत्रलाई अनलाइनमा राखी ई-पुस्तकालय निर्माणको शुरुआत गरेको छ । अहिलेसम्म दुई हजार शोधपत्र डिजिटलाइज गरिएको छ । पुस्तकालयले छिट्टै पुस्तक, थेसिस, डिजर्टेशन, जर्नल, रिपोर्ट तथा ऐतिहासिक दस्तावेजसहितको आफ्नै छुट्टै डिजिटल डाटाबेस बनाउने उहाँले बताउनुभयो ।

# तिलाठी कोईलाडी र टिभीएस किंग्स विजयी

**दैनिक समाचारदाता**
**राजविराज, ९ चैत ।**



राजविराजमा जारि मेयर कप सप्तरी प्रिमियर लिग अन्तर्गत दोश्रो दिनको खेलामा तिलाठी कोइलाडी जायन्टस र टिभीएस किंग्स राजविराजले जित हात पारेको छ ।

सोमबार सम्पन्न पहिलो खेलमा तिलाठी कोइलाडी जायन्टसले बजाज खडक वारियर्सलाई ४ विकेटले पराजित गरेको छ ।

टस जितेर पहिलो ब्याटिङ गर्दै बजाज खडक वारियर्सले १९.३ ओभरमा सम्पूर्ण विकेट गुमाएर ९९ रन बनाएको थियो । वारियर्सको लागि अनिल शाहले सर्वाधिक २२ रन, कप्तान विवेक यादवले २१ रन, पवन सर्राफ र निरज यादवले समान १४ रन तथा पप्पु यादवले १० रन बनाए ।

तिलाठी कोइलाडी जायन्टसका आदील अन्सारीले सर्वाधिक ४ विकेट लिए । राशिद खान र दिपेश कंडेलले समान २ विकेट लिए ।

एक सय रनको लक्ष्य पाएका तिलाठी कोइलाडी जायन्टसले १७.४ ओभरमा ६ विकेट क्षतीमा पुरा गरेको थियो । जसमा आशिष झाले सर्वाधिक ६५ रन बनाए भने दिपेश कंडेलले अविजित १३ रन बनाएका थिए ।

बलिङतर्फ बजाज खडक वारियर्सका भुलावन सहानीले सर्वाधिक ३ विकेट लिए भने अनिल खरेल, विवेक यादव र पवन सर्राफले समान १/१ विकेट लिए । सो खेलको प्लेयर अफ द म्याच तिलाठी कोइलाडीका आशिष झा चुनिए ।

यस्तै दोश्रो खेलमा टिभीएस किंग्स राजविराजले बोदेबर्साईन थन्डर्सलाई सुपर ओभरमा पराजित गर्यो । टिभीएस किंग्स राजविराजले दिएको १ सय ५७ रनको लक्ष्य पछ्याउने क्रममा बोदेबर्साईन थन्डर्सले २० ओभरमा ७ विकेट गुमाएर १ सय ५६ रन बनाएपछि खेल सुपर ओभरमा पुगेको थियो ।

सुपर ओभरमा पहिले ब्याटिंग गरेको बोदेबर्साईनले मात्र ४ रन बनाएको थियो । ५ रनको लक्ष्य टिभीएस किंग्सले ३ बलमा भेटायो ।

बोदेबर्साईन थन्डर्सको ब्याटिंगमा योगेन्द्र सिंह कार्कीले सर्वाधिक ४६ रन बनाए । यस्तै अविनाश कर्णले ४३ बलमा ४ चौका मद्दतले ४२ रन बनाए । नारायण जोशीले २२ रन तथा अमित दासले १७ रन बनाए ।

टिभीएस किंग्सको बलिंगमा रोहित सिंह र दिनेश अधिकारीले समान २ विकेट तथा मेहबुबआलम र सुरज कुर्मीले समान १ विकेट लिए ।

यस अघि टस जितेर ब्याटिंग गरेको टिभीएस किंग्स राजविराजले निर्धारित २० ओभरमा७विकेट क्षेतीमा १ सय ५६ रन बनाएको थियो ।

टिभीएस किंग्सको लागि दिनेश अधिकरीले सर्वाधिक ५१ रन, सोनु अन्सारीले ३० रन, सुरज प्रसाद कुर्मीले २५ रन, प्रशान्त सिंहले २१ रन तथा रोबिन सिंहले अविजित १० रन बनाए ।

बोदेबर्साईन् थन्डर्सको बलिंगमा बिशाल सुश्लिंग, बसन्त रेग्मी र सिद्धान्त लोहनीले समान २ विकेट लिए । खेलको प्लेयर अफ द म्याच दिनेश अधिकरी चुनिए ।

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर ११११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेवसाइट : rajbirajdainik.com.np